बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- १८

आज मिति २०८३ साल जेठ ०१ गते शुक्रबारका दिन बिहान ११:०० बजे बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष श्री टेक बहादुर साउँद ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

<u>देहायः</u>

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक बहादुर साउँद | अध्यक्ष | [signature] |
| २ | श्री बिन्दु रावल | उपाध्यक्ष | [signature] |
| ३ | श्री गजेन्द्र बहादुर खड्का | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ४ | श्री नेत्र बहादुर साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ५ | श्री नवराज साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ६ | श्री किरन बहादुर खत्री | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्री टंक बहादुर साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ८ | श्री जगत बहादुर थापा | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ९ | श्री तुलसी थापा | कार्यपालिका सदस्य | तुलसी |
| १० | श्री ललिता देवी स्वार | कार्यपालिका सदस्य | ललिता |
| ११ | श्री पदमा साउद | कार्यपालिका सदस्य | |
| १२ | श्री पशुपति कुमारी लुहार सुनार | कार्यपालिका सदस्य | पशुपति |
| १३ | श्री तर्क टमट्टा | कार्यपालिका सदस्य | [signature] |
| १४ | श्री मोहनलाल ताम्राकार टमट्टा | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री सुरेश प्रसाद जैसी | प्र.प्र.अ./ सचिव | [signature] |

<u>आमन्त्रित:-</u>

१. झनक रेग्मी प्रशासकीय अधिकृत [signature]

२. तिलक ठकुल्ला - अधिकृत (प्रशासन) [signature]

३. अर्जुन प्रसाद जोशी अधिकृत (लेखा) [signature]

४. कैलाश बहादुर अधिकृत इन्जिनियर [signature]

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- ९८

निर्णयहरु:

निर्णय नं. १ : वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी समीक्षा सम्बन्धमा ।

चालु आर्थिक वर्ष २०८२।०८३ को वार्षिक स्वीकृत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको अवस्था बारे गाउँपालिकाका विषयगत शाखा प्रमुखहरूसँग समीक्षा गर्दा हालसम्म सम्पन्न भएका क्रियाकलाप, वित्तीय तथा भौतिक प्रगति, सेवा प्रवाहको अवस्था, देखिएका समस्या तथा चुनौतीहरूका सम्बन्धमा जानकारी प्राप्त गरियो।

समीक्षाका क्रममा कतिपय कार्यक्रमहरू कार्यान्वयनको चरणमा रहेको तथा केही कार्यक्रमहरू सम्पन्न भइसकेको जानकारी प्राप्त भएकाले बाँकी रहेका कार्यक्रम तथा योजनाहरू समेत चालु आर्थिक वर्षभित्रै सम्पन्न हुने गरी आवश्यक समन्वय, सहजीकरण तथा तीव्र रूपमा कार्य अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. २ : सडक ट्र्याक खोल्न ब्याकुहोलोडर उपलब्ध गराउने सम्बन्धमा।

बान्नीगढी जयगढ गाउँपालिकामा स्थानीयवासीको आवतजावतलाई सहज बनाउन वडा नं. ३ मा अवस्थित बेल्पाटा देखि वडा नं. १ गाज्रासम्म जोडने बेल्पाटा-गाज्रा ग्रामिण सडक खण्डको ट्र्याक खोल्नका लागी उक्त वडा वासीहरुबाट माग भई आएको तथा सो कार्य तत्काल गर्न आवश्यक देखिएकोले उक्त कार्यका लागि गाउँपालिकाको तर्फबाट निःशुल्क रूपमा ब्याकुहोलोडर उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ३ : दुई प्राङ्ग्रे सवारी साधन मर्मत खर्च अनुमोदन सम्बन्धमा।

गाउँपालिकाको भौगोलिक विकटता, ग्रामिण सडकको अवस्था तथा कार्यालय प्रयोजनका लागि प्रयोग हुँदै आएका पुराना दुई प्राङ्ग्रे सवारी साधनहरूको आवश्यक मर्मत सम्भार गर्नु परेको कारण एक आर्थिक वर्षमा विनियोजित वार्षिक सीमा प्रति सवारी साधन रु. २५,०००।००(अक्षेरुपी पच्चीस हजार मात्र) अपुग भएको बेहोरा सार्वजनिक सम्पति व्यवस्थापन उपशाखाबाट बैठकमा जानकारी भयो।

सेवा प्रवाहलाई नियमित तथा प्रभावकारी बनाउन आवश्यक भएकोले देहाय बमोजिमका सवारी साधनहरूको थप मर्मत खर्च कार्यपालिकाबाट अनुमोदन गर्ने निर्णय गरियो:

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः- 96

देहायः

| क्र. सं. | सवारी साधन नं. | मर्मत खर्च रकम | जिम्मेवार पदाधिकारी/कर्मचारी | कैफियत |
|---|---|---|---|---|
| १ | सु.प.प्र. ०१-००१ ब १५८० | रु. २७,७००।०० | नेत्र बहादुर साउद | |
| २ | सु.प.प्र. ०१-००१ ब १५७९ | रु. २३,८५०।०० | सुरत बहादुर खड्का | |
| ३ | सु.प.प्र. ०१-००१ ब २४०५ | रु. १९,९००।०० | अर्जुन प्रसाद जोशी | |
| ४ | से.१ ब. ११६२ | रु. ९,७५०।०० | हर्क बहादुर शाही | |
| ५ | सु.प.प्र. ०१-००१ ब २१०२ | रु. ९,५००।०० | शंकर राज खनाल | |
| ६ | सु.प.प्र. ०१-००१ ब ००६३ | रु. ५,४००।०० | टेक बहादुर साउद | |
| ७ | से.१ ब. ११८३ | रु. ४,५००।०० | गोविन्द ठकुल्ला | |
| ८ | सु.प.प्र. ०१-००१ ब २४१२ | रु. २,५००।०० | जगत बहादुर थापा | |
| जम्मा रकम | | रु. १,०३,१००।०० (अक्षरुपी एक लाख तीन हजार एक सय मात्र) | | |

निर्णय नं. ४ : "अगुवा कृषकलाई अन्तर जिल्ला भ्रमण" कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।

यस बान्नीगढी जयगढ गाउँपालिकामा कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण तथा उत्कृष्ट कृषि अभ्यासको अनुसरण गर्ने उद्देश्यले आ.व. २०८२।०८३ को कृषि विकास उपशाखाको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "अगुवा कृषकलाई अन्तर जिल्ला भ्रमण" कार्यक्रम अन्तर्गत कृषि फार्म, पकेट क्षेत्र, आधुनिक कृषि प्रविधि, उत्पादन तथा बजारीकरण प्रणालीको अध्ययन अवलोकन गरी प्राप्त अनुभवलाई स्थानीय स्तरमा कार्यान्वयन गर्न प्रेरित गर्न गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, आर्थिक विकास शाखामा कार्यरत कर्मचारीहरु, सबै वडाबाट प्रतिनिधित्व हुने गरी अगुवा कृषकहरु तथा सम्बन्धित सरोकारवाला हरूको सहभागितामा मिति २०८३।०२।०४ गतेदेखि २०८३।०२।१० गतेसम्म अन्तर जिल्ला अवलोकन भ्रमण गर्ने निर्णय गरियो।

साथै, कार्यक्रम सञ्चालन, सहभागी व्यवस्थापन, खर्च, समन्वय तथा प्रतिवेदन सम्बन्धी सम्पूर्ण कार्य स्वीकृत बजेट तथा प्रचलित कानुन बमोजिम कृषि विकास उपशाखाले गर्ने निर्णय गरियो।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- 96

निर्णय नं. ५ : आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा ।

यस बान्निगढी जयगढ गाउँपालिका अन्तर्गत आर्थिक अवस्था कमजोर भएका, असहाय तथा विपन्न तथा बिरामी नागरिकहरुलाई सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र तथा अन्य संलग्न कागजातहरु अध्ययन गर्दा उचित र मनासिब देखिएको हुँदा देहायका व्यक्तिहरुलाई देहाय बमोजिमको प्रति लाभग्राही रकम सहितको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

देहाय:

| क्र. स. | नाम, थर | ठेगाना | उमेर (बर्ष) | कारण | सहायता रकम (रु.मा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भरत सुनार | बा.जा.गा.पा.-१ | ५४ | डायबिटिज प्रेसरको बिरामी | ६,०००। | |
| २ | हिउकला साउद | बा.ज.गा.पा. -३ | २४ | अपाङ्गता भएको राष्ट्रिय खेलाडी | २०,०००। | |
| ३ | प्रेम बहादुर साउद | बा.ज.गा.पा. -३ | ४५ | मुखको क्यान्सर | १५,०००। | |
| ४ | टेक बहादुर साउद | बा.ज.गा.पा. -६ | ५६ | मुटुरोग | १०,०००। | |
| ५ | राम बहादुर थापा | बा.ज.गा.पा. -६ | ८२ | प्यारालाईसिस | १५,०००। | |
| ६ | एकेन्द्र टमट्टा | बा.ज.गा.पा. -३ | ३८ | मेरुदण्डको हड्डी भाँचिएको | १५,०००। | |
| ७ | डिले रावत | बा.ज.गा.पा. -६ | ६२ | मस्तिष्कघात | १५,०००। | |
| ८ | शोभा कठायत | बा.ज.गा.पा. -६ | ५२ | क्यान्सर | १५,०००। | |
| ९ | झपट बहादुर साउद | बा.ज.गा.पा. -५ | ७१ | मुटुरोगी | १०,०००। | |
| १० | धनी तिरुवा | बा.ज.गा.पा. -१ | ७० | मुटुरोगी/श्वासप्रश्वास | ८,०००। | |
| ११ | हिरादेवी उपाध्याय | बा.ज.गा.पा. -१ | ६४ | एकल महिला बेसहारा आर्थिक अवस्था कमजोर | ६,०००। | |
| १२ | झंकरे टमट्टा | बा.ज.गा.पा. -१ | ५८ | आन्द्रामा संक्रमण भई अप्रेसन भएको | १५,०००। | |

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः- ९६

| क्र. स. | नाम, थर | ठेगाना | उमेर (बर्ष) | कारण | सहायता रकम (रु.मा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १३ | खेमराज ढुंगाना | बा.ज.गा.पा. -१ | २४ | दुर्घटनामा परी गम्भिर घाईते भै उपचाररत | २०,०००। | वडाको बजेट भुक्तानी हुने गरी |
| १४ | नैने कामी | बा.ज.गा.पा. -५ | ५१ | हात काटिएको | १०,०००। | |
| १५ | लक्ष्मी देवी साउद | बा.ज.गा.पा. -३ | ४८ | मानसिक असन्तुलन | १०,०००। | |
| १६ | डम्बर थापा | बा.ज.गा.पा. -६ | ६६ | बेसाहारा/अपाङ्ग | १०,०००। | |
| १७ | भीम बहादुर ठकुल्ला | बा.ज.गा.पा. -३ | | आर्थिक अवस्था कमजोर | १०,०००। | |
| १८ | निर्मला दमाई | बा.ज.गा.पा. -३ | २७ | आखाँको अप्रेसन भएको | १०,०००। | |
| १९ | रम्भा दमाई | बा.ज.गा.पा. -३ | ६४ | खुट्टा भाँचिएको | ६,०००। | |
| २० | जानकी देवी साउद | बा.ज.गा.पा. -३ | ४५ | पाठेघरको क्यानसर | १५,०००। | |
| २१ | हीरा माता | बा.ज.गा.पा. -१ | | एकल महिला/बेसाहारा | ६,०००। | |
| २२ | दाने दमाई | बा.ज.गा.पा. -१ | | हाईड्रोसिल | १०,०००। | |
| २३ | जोगी साउँद | बा.ज.गा.पा. -२ | ७६ | विरामी भई उपचार खर्च | १०,०००। | वडाको बजेट भुक्तानी हुने गरी |
| २४ | अमनी देवी कुवँर | बा.ज.गा.पा. -२ | ३८ | विरामी भई उपचार खर्च | ५,०००। | वडाको बजेट भुक्तानी हुने गरी |
| | जम्मा रकम | | | | २,७२,०००। | |

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः- १८

---

निर्णय नं. ६ : खरिद भैसकेको जग्गाको नेपाल सरकारबाट स्वीकृति वा समर्थन लिने सम्बन्धमा ।

यस बान्नीगढी जयगढ गाउँपालिका वडा नं ४ को वडा कार्यालय भवन निर्माण गर्ने प्रयोजनका लागि जग्गाधनी टंकप्रसाद उपाध्यायसँग खरिद गरिएको तीन रोपनी जग्गा (कित्ता नं २०५, क्षेत्रफल १५२६.२२ वर्गमिटर) लाई नेपाल सरकारको स्वीकृति वा समर्थनका लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा आवश्यक कागजातहरु सहित पत्राचार गर्ने निर्णय गरियो।